
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २७ गते शुक्रबार ❑ 12 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रगतिशील कर सिद्धान्तको आधारमा कर समायोजन गरिएको हो: अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रगतिशील कर सिद्धान्तको आधारमा कर समायोजन गरिएको बताउनु भएको छ । गण्डकी प्रदेश सभाको सुन्य र विशेष समयमा सांसदहरुले उठाउनु भएको प्रश्नको विहिबार सदनबाट जबाफ दिदै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो ।



उहाँले भन्नु भयो "कर सिद्धान्तको आधारमा थोरै हुने सँग कम र धेरै हुने सँग सो भन्दा बढि कर लिने गरी समायोजन गरिएको बिषयलाई अहिले कार्यान्वयनमा आएको दुई महिना पछि अनावश्यक रुपमा आलोचना गरिएको छ। " सरकारको राजश्व संकलन प्रति वितृष्णा जगाएर खोज्नु सहि हुन्छ भन्दै मन्त्री बरालले सदनमा प्रति प्रश्न गर्नु भयो ।

यस्ता गतिविधिले संघीय गणतन्त्रात्मक व्यवस्था विरोधीहरुलाई सहयोग पुऱ्याउने उल्लेख गर्दै मन्त्री बरालले यस बिषयमा गंभिरतापुर्वक चिन्तन मनन गरिदिनुहुन अनुरोध समेत गर्नु भयो । आर्थिक ऐन करिब दुई महिना देखि कार्यान्वयनमा आएको अबस्थामा ऐन माथि टिका टिप्पणी गर्नु राजनीतिक पुर्वाग्रही भएको मन्त्री बरालको आरोप थियो। उहाँले भन्नु भयो "ऐन निर्माण भएर कार्यान्वयनको प्रक्रियामा गै सकेपछि विशेषतः निर्वाचन मिति घोषणा भै सकेपछि करको विषयलाई लिएर अनावश्यक मिथ्या टिप्पणी गरिदै छ ।" समृद्ध गण्डकी प्रदेशको हाम्रो सपना साकार पार्नका लागि आयात प्रतिस्थापन गर्ने गरी आन्तरिक उत्पादन बढोत्तरी र रोजगारी प्रवर्द्धन गर्न जरुरी रहेको अबस्थामा करका केही दर र दायरमामा समायोजन गरिएको बिषयलाई लिई कु प्रचार गरिएको मन्त्री बरालले बताउनु भयो । उहाँले थप्नु भयो"कृषी उत्पादनको उद्देश्यले जग्गा खरिद गर्दा छुट व्यवस्था गरिएको छ, ३०० जना भन्दा बढि व्यक्तीलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग स्थापना गर्न वा विस्तार गर्न आवश्यक जग्गा खरिदमा पुर्ण छुट दिने व्यवस्था गरिएको छ खै यसको बिषयमा बाहिर चर्चा आएको।" राजिनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र र बन्धकीको लिखत, रोक्का शुल्कमा कुनै परिर्वन नगरी साविककै व्यवस्था रहेको बताउदै मन्त्री बरालले वित्तिय धितोको सेवा शुल्कको वुदा क देखि ट सम्म साविककै व्यवस्था रहेको उल्लेख गर्नु भयो । वुदा ठ मा रु ५० करोड भन्दा माथि जति सुकै थैली भएपनि २ लाख २५ हजार हुने व्यवस्था न्यायिक र तर्क संगत नभएकोले सम्पुर्ण सेवा ग्राहीहरुलाई न्यायोचित र समान व्यवहार गर्नको लागि उक्त शुल्क प्रतिशतमा लिने व्यवस्था गरिएको मन्त्री बरालले सदनमा जानकारी गराउनु भएको थियो । घर–जग्गा सम्बन्धी राजश्वमा एक चौथाइ भन्दा कम योगदान भएको क्षेत्रमा दर रेटमा समय सापेक्ष परिवर्तन गरिएको, अंशवण्डा तथा अंश भरपाइको लिखतलाई साविकको भन्दा थप व्यवस्थित र वर्गीकरण गरिएको समेत मन्त्री बरालको भनाई थियो । घर–जग्गा नामसारीको समग्र घरजग्गा सम्बन्धी राजश्वमा ०.३ प्रतिशत भन्दा कम योगदान रहेको उल्लेख गर्नु भयो ।

घर–जग्गा नामसारीको करको पुनरावलोकन सन्दर्भमा गरिएको व्यवस्था प्रगतीशिल कर सिद्धान्तमा आधारित भएको दाबी गर्दै मन्त्री बरालले कर बढेको मात्र नभई कर घटेको समेत जानकारी गराउनु भयो । बिगतमा थप २० प्रतिशत व्यवस्था भएकोमा हाल प्रदेश भित्र थप ३ प्रतिशत र प्रदेश भन्दा बाहिर थप ५ प्रतिशत मात्रै व्यवस्था गरिएको मन्त्री बरालको भनाइ थियो । अंश हकमा अदालतबाट अंश मुद्दामा मिलापत्र तथा फैसला बमोजिम दाखिला खारेज हुदा लाग्ने शुल्क अंशवण्डा सरह हुने नयाँ व्यवस्थाले साबिकको भन्दा आधा भन्दा कम शुल्क लाग्ने उहाँले बताउनु भयो ।

## 'गाई' शीर्षकमा कला प्रदर्शनी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

गाई जात्रा एवं कृष्णाजन्माष्टमीका अवसरमा नगेन आर्ट एकेडेमी र विश्वहिन्दू युवा सङ्घको संयुक्त आयोजनामा बिहीबारदेखि पोखरामा 'गाई' शीर्षकमा कला प्रदर्शनी सुरु भएको छ।

विश्व कलायात्री कलाकार नगेन सिंहको ११औं एकल चित्रकला प्रदर्शनीमा सो शीर्षकमा २१ वटा कला प्रदर्शनीमा छन् । प्रदर्शनीको उद्घाटन गर्दै विश्व हिन्दू महासङ्घका सल्लाहकार बेदनिधि शर्माले गाई शीर्षकको कला प्रदर्शनीले हिन्दू धर्मको संरक्षणमा टेवा पुग्ने बताउनुभयो । नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रचार विभाग प्रमुख रमेश पौडेलले कला साहित्यको संरक्षण र प्रवर्द्धनले मात्र मुलुक समृद्धितर्फ जाने धारणा व्यक्त गर्नुभयो। कलाकार सिंहले कला विकासका लागि ललितकला विकास बोर्डको स्थापना गर्न सरकारसँग माग गर्नुभयो ।

वरिष्ठ कलाकार लोकप्रसाद गुरुङ, सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष रवीन्द्र माकाजु, विश्व हिन्दू महासङ्घ कास्कीका अध्यक्ष जगन्नाथ कोइराला, नगेन आर्ट एकेडेमीका सञ्चालक ज्योति हमाल, विश्व हिन्दू महासङ्घ कास्कीका सचिव गीता कँडेललगायतले गाई शीर्षकमा गरिएको प्रदर्शनी महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो ।

कलाकार सिंहले यसअघि १० वटा एकल चित्रकला प्रदर्शनी र दर्जनौं सामूहिक चित्रकला प्रदर्शनीमा सहभागी भइसक्नुभएको छ । विश्व हिन्दू युवा सङ्घको केन्द्रीय सदस्य तथा ललितकला विभाग प्रमुख रहेका सिंहको जीवनीमा आधारित वीरेन्द्र हमाल निर्देशित नग्न तृष्णा नाटक २०६४ मा मञ्चन भइसकेको छ।

## गुणस्तरीय शिक्षाका माध्यमबाट नै नेपालको समृद्धि सम्भव छ : प्रम देउवा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवाले गुणस्तरीय शिक्षाका माध्यमबाट नै नेपालको समृद्धि सम्भव भएको बताउनुभएको छ।

नेपाल प्राध्यापक सङ्घको हीरक जयन्तीका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकको उच्च शिक्षालाई समस्यामुक्त बनाई योग्य एवं दक्ष जनशक्ति तयार गर्न प्राध्यापक थप जिम्मेवारीका साथ क्रियाशील हुनु आवश्यक रहेकामा जोड दिनुभयो । प्रधानमन्त्री देउवाले भन्नुभयो, "विद्यार्थीले पनि आधुनिक युगको शिक्षालाई आत्मसात् गर्दै अघि बढ्नु आवश्यक छ । उच्च शिक्षामा सुधार सँगसँगै हाम्रा परम्परागत ज्ञान, सीप, धर्म, संस्कृति, दर्शन, सङ्गीत र साहित्यको संरक्षण र सम्वर्द्धन गर्दै नयाँ पिँढीमा ज्ञान तथा सीप हस्तान्तरणका लागि ध्यान दिन जरुरी छ । यस विषयमा आगामी दिनमा नेपालका प्राध्यापक र विद्यार्थी सक्रिय हुनुहुने विश्वास लिएको छु ।" त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्ने बौद्धिक वर्गको पहलमा विसं २०१९ मा स्थापित नेपाल प्राध्यापक सङ्घले प्राध्यापकको हकअधिकारको संरक्षण र प्राज्ञिक स्वतन्त्रताका लागि पुऱ्याउँदै आएको योगदान अतुलनीय छ। सङ्घले स्थापनाकालदेखि नै विश्वविद्यालयकोशैक्षिकउन्नयनकासाथै प्राज्ञिक स्वतन्त्रता र प्राध्यापकको हकअधिकारका लागि सधैँ अग्रपङ्क्तिमा रही कार्य गर्दै आएको छ। प्रधानमन्त्री देउवाले आगामी दिन पनि प्राध्यापकको व्यावसायिक हकहितका साथै विश्वविद्यालयीय शिक्षालाई थप गुणात्मक, अनुसन्धानमूलक र जीवनोपयोगी बनाउन सङ्घले अझ गहन र रचनात्मक भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

प्राध्यापकको प्रतिभा र ज्ञानको उच्चतम् सदुपयोग गर्नसकेमा मात्र मुलुकको चौतर्फी विकास हुनसक्ने बताउँदै उहाँले यस तथ्यलाई मनन गरी प्राध्यापकको हकहितको संरक्षण गर्दै उनीहरूको पेशागत वृत्तिविकासलाई सहयोग पुऱ्याउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। उहाँले छ दशक लामो इतिहास बोकेको प्राध्यापक सङ्घले आफ्ना माग र हकहितका विषयलाई उठाउँदा जिम्मेवार भएर विश्वविद्यालयको पठनपाठनमा कुनै आँच आउन नदिने तथा शैक्षिक क्यालेण्डरमा कुनै प्रतिकूल अवस्था सिर्जना हुन दिनु हुँदैन भन्नुभयो। विश्वविद्यालयमा स्वस्थ प्राज्ञिक वातावरण निर्माणका लागि प्राध्यापक, विद्यार्थी र पदाधिकारी तीनवटै पक्षबीच सुमधुर र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सत्ता गठबन्धन कार्यदलमा विभिन्न मोडालिटीबारे छलफल

**रासस**
**काठमाडौं, २६ साउन**

पाँच दलीय सत्ता गठबन्धन कार्यदलको बिहीबार बसेको दोस्रो बैठकमा चुनावी तालमेलका विभिन्न मोडालिटीबारे छलफल भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा आगामी आमनिर्वाचनमा गठबन्धनमा रहेका दलबीच चुनावी तालमेल गर्नका लागि विभिन्न आधारबारेमा सकारात्मक छलफल भएको कार्यदलका सचिव अधिवक्ता केशवराज जोशीले जानकारी दिनुभयो।

बैठकमा २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तथा गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनलाई पनि चुनावी तालमेलको आधार मान्न सकिने विषयमा समेत छलफल भएको थियो। कार्यदलले निर्वाचनमा सिट बाँडफाँटको खाका बनाएर गठबन्धनका शीर्ष नेताहरूलाई बुझाउनेछ। यसबाहेक बैठकमा संविधान कार्यान्वयन, लोकतन्त्र र राजनीतिक प्रणालीको रक्षा, जनजीविकाका सवाल सम्बोधनलगायत विषयमा गठबन्धन केन्द्रित हुनुपर्ने विषयमा बृहत्रूपमा छलफल भएको उहाँले बताउनुभयो।

कार्यदलमा कांग्रेसबाट महामन्त्री गगनकुमार थापा, नेता कृष्णप्रसाद सिटौला र सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं पार्टीका नेता ज्ञानेन्द्रबहादुर कार्की हुनुहुन्छ भने नेकपा (माओवादी केन्द्र)बाट नेताहरू वर्षमान पुन र देव गुरुङ हुनुहुन्छ।

यसैगरी नेकपा (एकीकृत समाजवादी)बाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जनता समाजवादी पार्टी नेपालबाट नेता रामसहाय प्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट नेताहरू हिमलाल पुरी र आनन्द शर्मा कार्यदल सदस्य हुनुहुन्छ । कार्यदलको अर्को बैठक यही साउन ३० गते बस्ने बताइएको छ।

## युवामैत्री स्थानीय शासनमा लगानी बढाइँदै

**रासस**
**काठमाडौं, २६ साउन**

स्थानीय शासनलाई युवामैत्री बनाउन लगानी र क्षमतावृद्धिका लागि पहल सुरु भएको छ।

'युवामैत्री विश्व निर्माणमा अन्तरपुस्ता ऐक्यबद्धता' भन्ने नाराका साथ देशव्यापीरूपमा मनाइएको अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवामैत्री स्थानीय शासनसम्बन्धी हालसम्मका उपलब्धि, सिकाइ र भावी कार्यदिशाबारे आज आयोजित केन्द्रीयस्तरको छलफल कार्यक्रममा सो जानकारी दिइएको हो । सो अवसरमा मुलुकको समग्र विकासमा युवामैत्री स्थानीय शासनको आवश्यकतालाई ध्यान दिएर राष्ट्रिय युवा परिषद्, जागृति बाल तथा युवा सरोकार नेपाल, संयुक्त राष्ट्रसङ्घीय विकास कोष (युएनडिपी) र राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) नेपालको संयुक्त प्रयासमा युवामैत्री स्थानीय शासन अभियानलाई विस्तार गर्ने प्रतिबद्धता व्यक्त भएको छ।

अभियानअन्तर्गत तीन सयभन्दा बढी सरोकारवालाको संलग्नतामा युवामैत्री स्थानीय शासन दिग्दर्शन, २०७५ को परिमार्जन र युवामैत्री स्थानीय शासन क्षमता विकास निर्देशिका तयार गरिएको छ। युवामैत्री स्थानीय शासन प्रवर्द्धनको पहिलो चरणमा देशका सातै प्रदेशका एकएक स्थानीय तहको छनोट गरी सम्बन्धित तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न निजी क्षेत्रका युवा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सर्पको टोकाईबाट बचौं र बचाऔं ।
◆ सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
◆ सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
◆ सवारी साधनमा घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई बसाएर लैजाऔं,
◆ गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
◆ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी)

**रासस**
**काठमाडौं, २६ साउन**

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्व शुक्रबार देशभर नव यज्ञोपवीत एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ।

पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँध्छन्। तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ। सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए। त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबान्धनको परम्परा हालसम्म पनि प्रचलित छ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ।

**तागाधारीले यज्ञोपवीत धारण गर्दै**

शुक्रबार कै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ। यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाकमात्र खाएर चोखोनीतो गरी बसिन्छ। यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन, र सप्तमृत्तिका लगाएर स्नान गर्दछन्। यसलाई श्रावणी स्नान पनि भनिन्छ।

स्नानपछि जौ तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिन्छ। अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागो समेत भनिन्छ। रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुरस्थित अशोकविनायकलगायत वाग्मती नदीको किनार र काठमाडौँ उपत्यकालगायत देशभरका मठ मन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ। यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले भौतिक दूरी कायम गरी सांस्कृतिक पर्व मनाउन सरकारले आह्वान गरेको छ।

**क्वाँटीको परम्परा**

जनै पूर्णिमाका दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ। यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ। विभिन्न थरी गेडागुडी मिसाएर बनाइएको क्वाँटीको रस खाएमा शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि हुने आयुर्वेदका चिकित्सक डा शेषराज आचार्य बताउनुहुन्छ। यसबाट चिसो गाडिएर लाग्ने रुघाखोकीजस्ता रोग पनि निको हुने उहाँले सुनाउनुभयो।

**तराई क्षेत्रमा राखी बाँधिदै**

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ। यसबाट दिदी बहिनी र दाजुभाईकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ।

काठमाडौँको उत्तरपूर्वी भेगमा रहेको मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाकोजनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा श्रावण शुकल पूर्णिमा दिन बिहानैदेखि मेला लाग्ने लागछ।

# निर्वाचनका लागि एमाले अध्यक्ष ओलीको संयोजकत्वमा परिचालन कमिटी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

नेकपा (एमाले)ले पार्टी अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन तयारी तथा सञ्चालनका लागि केन्द्रीय निर्वाचन परिचालन कमिटी गठन गरेको छ।

एमालेको पार्टी कार्यालय च्यासलमा आज भएको ११औँ सचिवालयको बैठकले केन्द्रीय कमिटीका सबै सदस्य तथा केन्द्रीय निकाय र आयोगका पदाधिकारी रहनेगरी परिचालन कमिटी गठन गरेको हो। यस्तै परिचालन कमिटीमा जनसङ्गठनका अध्यक्ष र महासचिवका साथै केन्द्रीय विभागका सचिवसमेत सदस्य रहनेछन्।

बैठकले अध्यक्ष ओलीको अध्यक्षतामा आठ सदस्यीय निर्वाचन घोषणापत्र मस्यौदा कमिटी गठन गरेको छ। कमिटीमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा र विष्णु पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिवद्वय प्रदीप ज्ञवाली र विष्णु रिमाल रहनुभएको छ।

निर्वाचनको तयारीका लागि बैठकले पार्टी स्थायी कमिटीको बैठक भदौ ७ गते, पोलिटब्युरो बैठक भदौ ९ गते र केन्द्रीय कमिटी बैठक भदौ १० र ११ गते काठमाडौँमा बस्ने निर्णय गरेको छ।

सचिवालयको बैठकले पार्टीमा प्रवेश गरेका जीवन गौतम (दाङ), बृजेशकुमार गुप्ता (कपिलवस्तु), धर्मदत्त देवकोटा (बारा) र अमृत राजवंशी (झापा) लाई केन्द्रीय सदस्यमा मनोनयन गरेको छ।

त्यसैगरी नवराज पौडेल (बागलुङ) लाई सल्लाहकार परिषद् सदस्यमा मनोनयन गरिएको एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो।

# गुणस्तरीय...

सौहार्द्रपूर्ण सम्बन्ध कायम हुन आवश्यक रहेको उहाँको भनाइ थियो। प्रधानमन्त्री देउवाले विश्वविद्यालयलाई अस्वच्छ राजनीतिबाट मुक्त राख्दै देश र समाजका लागि उपयोगी शिक्षित जनशक्ति उत्पादन गर्ने केन्द्रका रूपमा विकास गर्न जरुरी रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "गरिमामय इतिहास बोकेको त्रिभुवन विश्वविद्यालयलगायतका अन्य विश्वविद्यालयको साख र गरिमालाई बचाइराख्न सम्पूर्ण प्राध्यापक, प्राज्ञिक, पदाधिकारी र विद्यार्थीबीच सुमधुर सम्बन्ध कायम हुनु आवश्यक छ।" विश्वविद्यालयका समस्या र चुनौतीलाई आपसी संवाद र छलफलबाट समाधान गर्नुपर्ने कुरामा जोड दिँदै उहाँले यसमा प्राध्यापक सङ्घको पनि रचनात्मक भूमिकाको अपेक्षा गर्नुभयो। कुनै पनि मुलुकको विकास त्यस देशको शिक्षाको गुणस्तरले मापन गर्ने उल्लेख गर्दै उहाँले विश्वविद्यालयले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भइरहेका नयाँनयाँ ज्ञान र प्रविधिलाई आफ्नो पाठ्यक्रममा समावेश गरी विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने शैक्षिक जनशक्ति उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो।

यस कार्यमा प्राध्यापकले पनि आआफ्नो ठाउँबाट आवश्यक सहयोग पुऱ्याउनुहुने उहाँको विश्वास थियो। "पञ्चायतकालमा प्रजातन्त्रका लागि लडेका र पछिल्लो समय लोकतान्त्रिक गणतन्त्र स्थापनामा अहम भूमिका निभाएका प्राध्यापक र विद्यार्थीको भूमिका अबका दिनमा फेरिएको छ। अब विश्वविद्यालयको शैक्षिक गुणस्तरलाई उच्च र प्रतिस्पर्धी बनाउन प्राध्यापक निरन्तर प्रयत्नरत हुनु आवश्यक छ। समग्र प्राध्यापकको नेतृत्व गर्ने नेपाल प्राध्यापक सङ्घलाई आफ्नो विगतको सङ्घर्षशील पाटो परिवर्तन गर्दै प्राज्ञिक बहसमा केन्द्रित भई समृद्ध मुलुक बनाउने सरकारको अभियानमा सहभागी हुन अनुरोध गर्न चाहन्छु", प्रधानमन्त्री देउवाले भन्नुभयो। उहाँले मुलुकको भविष्यसँग जोडिएको विश्वविद्यालयको पठनपाठनलाई गुणस्तरीय, समसामयिक र प्रविधिमैत्री हुनेगरी अघि बढाउने मूल जिम्मेवारी बोक्नुभएका प्राध्यापकले उच्च शिक्षालाई अनुसन्धानमूलक, जीवनोपयोगी, समाजोपयोगी र रोजगारमूलक बनाउँदै देश र जनताको हितमा आफूलाई अझ समर्पित गर्दै जाने विश्वास व्यक्त गर्नुभयो।

# कास्की प्रहरी परिसरको पुस्तकालयलाई पुस्तक हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**



जिल्ला प्रहरी कार्यालय कास्की परिसरमा निर्मित पुस्तकालयलाई लायन्स क्लब अफ पोखरा अभियानले बहुउपयोगी पुस्तकहरु हस्तान्तरण गरेको छ। क्लवका अध्यक्ष कृष्ण लम्सालले उक्त पुस्तकहरु प्रहरी नायव उपरिक्षक सुन्दर तिवारीलाई एक कार्यक्रमका बीच हस्तान्तरण गर्नुभएको हो। अध्यक्ष लम्सालले प्रहरी परिसरमा पुस्तकालय निर्माण हुनु अति सह्रानीय कार्य भएको जनाउँदै प्रसिद्ध लेखकहरुबाट लिखित उपयोगी, प्रेरणादायी, ज्ञानवर्द्धक पुस्तक भएकाले पुस्तक अध्ययनमा रुचि हुनेहरुका लागि उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा डिष्ट्रिक ३२५ आइ नेपालका द्धितिय भाइस डिष्ट्रिक गर्भनर विनोद ढुंगानाले सही ज्ञानले मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सम्भव हुने जनाउँदै पुस्तकालयमा रहेका पुस्तकबाट प्रहरी, सेवाग्राही, थुनुवाहरु सबै लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले लायन्स क्लबले समाजसेवाको क्षेत्रमा उल्लेखनीय योगदान गरेको स्मरण गर्दै सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यहरु गर्दै आएको जानकारी दिनुभयो। आगामी दिनमा पुस्तकालयलाई प्रविधियुक्त बनाउन र इलाइब्रेरीका लागि आवश्यक सहयोगका लागि हातेमालो गर्न तयार रहेको बताउनुभयो। पुस्तक ग्रहण गर्दै प्रहरी उपरिक्षक एवम प्रवक्ता सुन्दर तिवारीले पुस्तकालयको महत्वलाई बुझेर समाजसेवामा सक्रिया संस्थाबाट उपयोगी पुस्तकहरु ग्रहण गर्न पाउँदा खुशी लागेको बताउनुभयो। सो अवसरमा उहाँले नागरिक बर्दी विनाका प्रहरी भएकाले समाजमा अपराध न्यूनिकरण, शान्ति अमन चयन स्थापना गर्नका लागि सकारात्मक साथको खाँचो औल्याउनु भयो। उहाँले प्रहरी भित्र पनि ज्ञानको दायरालाई फराकिलो बनाउनका साथै उनीहरुको रुचि अनुसारका प्रेरणादायी पुस्तक अध्ययनको वातावरण लागि पुस्तकालय निकै उपयोगी भएको र आगामी दिनमा प्रविधि मैत्री पुस्तकालय बनाउने तयारीमा लागेको पनि जानकारी दिनुभयो। उहाँका अनुसार तत्कालिन प्रहरी उपरिक्षक रमेश थापाको नेतृत्वमा निर्मित उक्त पुस्तकालयको असारको १३ गते उद्घाटन गरिएको हो। कार्यक्रममा क्लबका पूर्व अध्यक्ष एवम् रिजन चियर पर्सन प्रेम दाहाल, प्रथम उपाध्यक्ष मातृका पोखरेल, सहकोषाध्यक्ष बुद्ध कार्की सदस्यको शुशिल दाहालको उपस्थिती रहेको थियो।

# श्री कृष्ण प्रणामी मन्दिरमा रक्षाबन्धन विशेष कार्यक्रम हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

रक्षाबन्धनको अवसरमा पोखरा -८ रत्नचोकस्थित श्री कृष्ण प्रणामी मन्दिरमा शुक्रबार रक्षाबन्धन विशेष कार्यक्रम हुने भएको छ।

कार्यक्रममा करिब चार सय जनाले रक्षाबन्धन ग्रहण गर्ने अनुमान गरिएको छ। मन्दिरमा साउन २ गतेदेखि श्रीमद् बितक चर्चा शब्द दर्शन तथा श्रीकृष्ण कथा कार्यक्रम पनि जारी नै रहेको छ। कथा कार्यक्रम भदौ ३ गतेसम्म चल्नेछ।

भदौ ३ गते श्रीकृष्ण जन्माष्टमी प्राकट्य महोत्सव पनि गरिने छ। जन्माष्टमीको कार्यक्रमको तयारी तिव्र पारिएको अध्यक्ष पुरुषोत्तम रेग्मीले जानकारी दिनुभयो।

कथा कार्यक्रममा गुरुजी बाणी तथा बितक कथाकार युवा धर्म प्रचारक श्री श्यामदास महाराजले सङ्गीतमय कथा प्रवचन गर्नुभएको छ। हरेक दिन बिहान ११ देखि दिउँसो २ बजेसम्म चल्ने कार्यक्रममा दैनिक तीन सय बढी सुन्दरसाथजी भक्तजनको सहभागिता रहेको सचिव देवी प्रसाद खतिवडाले जानकारी दिनुभयो। हालसम्म करिब आठ हजार भक्तजनले सहभागिता जनाउनु भएको छ।

मन्दिर स्थापनाकाल २०४८ सालदेखि नै वर्षेनी कार्यक्रम गर्ने गरिएको छ। यसपटक समेत गरी ३१ औ पटक कार्यक्रम गरिएको हो।

# युवामैत्री...

प्रतिनिधि तथा युवाका सवालमा प्रमुख सरोकारवालाका लागि दिने युवामैत्री स्थानीय शासनसँग सम्बन्धित क्षमता अभिवृद्धि कार्यक्रम गरिएको थियो। प्रदेशस्तरमा भएको उक्त अनुभवलाई विस्तार गर्न आजका वक्ताले आग्रह गरेका थिए। राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले युवाको मुद्दाका दृष्टिकोणले मैत्रीपूर्ण बनाउने अहिलेको सान्दर्भिक सवाल रहेको र नीतिनिर्माण प्रक्रियामा युवाको सहभागिता अत्यावश्यक रहेको बताउनुभयो। हालको प्रयास कम रहेको र अझ बढी लगानी र योगदानको आवश्यकता रहेको बताउँदै उपाध्यक्ष बस्नेतले उपयुक्त वातावरण निर्माणका लागि परिषद्ले कार्य गरिरहेको र संवैधानिक तथा नीतिगत युवासँग सम्बन्धित व्यवस्थालाई कार्यान्वयनका साथ युवामैत्री शासन प्रवर्द्धनका लागि निरन्तर समन्वयको प्रतिबद्धता जाहेर गर्नुभयो। युएनडीपीका आवसीय प्रतिनिधि आइसानी लाभेले युवामा धेरै समस्याले वितृष्णा उत्पन्न हुने भएकाले त्यस्ता समस्या परेका बेलामा सुनिदिने स्थान (निकाय) हुने वातावरण निर्माण गर्न आग्रह गर्नुभयो। युनिसेफका आवसीय उपप्रतिनिधि उषामिश्रले नेपालमा केहीवर्षपछि ज्येष्ठ नागरिकको जनसङ्ख्या धेरै हुने भएकाले वर्तमान समयमा युवा तथा बालबालिकामा बृहत् लगानीको आवश्यकता रहेको बताउनुभयो। जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले युवामैत्री अभियानमा सबै युवासँग सम्बन्धित सरोकारवालाले योगदान पुऱ्याउनपर्ने बताउनुभयो। अधिवक्ता तथा युवामैत्री शासन विज्ञ विष्णु खत्री, उपप्राध्यापक तथा युवामैत्री शासन विज्ञ दीपेश घिमिरे र युवामैत्री कार्यक्रमका संयोजक समीक्षा खड्काले प्रस्तुतीकरण गर्नुभएको थियो भने लैङ्गिक समानता र सामाजिक समावेशीकरण विशेषज्ञ मीना शर्मा र किशोरीका तर्फबाट प्रतिनिधि रेजिना घर्ती मगरले युवामैत्री शासनका विविध आयामबारे प्रकाश पार्नुभएको थियो।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सात सय 'घरमा एक घर एक धारा'

रासस
बागलुङ, २६ साउन

खानेपानीको चरम समस्या रहेको दगातुम्डाँडामा खानेपानीको पहुँच पुऱ्याइने भएको छ। यसका लागि बडिगाड गाउँपालिका-२ दगातुम्डाँडामा 'एक घर एक धारा' कार्यक्रम अगाडि बढाइएको छ । सात सय घरधुरी रहेको वडामा झण्डै पाँच सय घरमा 'एक घर एक धारा' सञ्चालनमा आइसकेको गाउँपालिकाले जनाएको छ । साविक दगातुम्डाँडा गाविस वडा नं ६, ७, ८ र ९ वडामध्ये ८ र ९ वडामा खानेपानी योजना सम्पन्न भएको छ।

साविकका वडा नं ६ र ७ मा पनि पानी पुऱ्याउने काम अन्तिम चरण पुगेको छ । बडिगाड गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा)सँगको सहकार्यमा घर घरमा पानी पुऱ्याउने अभियान चलिरहेको हो। नेवाले ८ र ९ मा काम सम्पन्न गरिसकेको छ भने वडा नं ६ को हौंडीखोलामा यसै महिनादेखि काम सुरु गरेको छ। साविकको ६ र ७ मा गण्डकी प्रदेशको बहुवर्षे कार्यक्रम अन्तर्गत खानेपानी आयोजना सञ्चालनमा छ । जिमस्सक्न्यार, लफरे सिरसिरे र राक्से बडहरे खानेपानी आयोजनाको काम सम्पन्न भएको गाउँपालिकाले जनाएको छ।

हौंडीखोला खानेपानी आयोजनामा कामको सुरुआत भएको छ । निर्माण सम्पन्न भएका उक्त आयोजनाको जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमरबहादुर थापाले उद्घाटन गरेपछि पानी वितरण सुरु भएको छ । जिमी सक्न्यार खानेपानी आयोजनाबाट ३ विद्यालयसहित १२७ धारा, लफरे सिरसिरे खानेपानी अयोजनाबाट ५९ धारा र राक्से बडहरे खानेपानी अयोजनाबाट ६० धारा निर्माण गरी साविक वडा नं ८ र ९ का सबै घरधुरीमा खानेपानी पुगेको नेवाका सामाजिक प्राविधिक कुशल थापाले जानकारी दिनुभयो । उहाँका अनुसार जिमी सक्न्यार खानेपानी आयोजनामा नेवाको ६२ लाख, गाउँपालिकाको २९ लाख ३९ हजार ४१२, स्थानीयवासीको तीन लाख ९९ हजार सहयोग र २९ लाख बराबरको जनश्रमदान गरी कूल एक करोड २४ लाख ३० हजार ४१२ मा सम्पन्न भएको हो । बडिगाड वडा नं १ बेतनीमा खानेपानी मुहान रहेको सो आयोजनामा १२ वटा खानेपानी ट्याङ्की निर्माण गरिएको छ,भने २६ हजार ९११ मिटरमा खाने पानि पाइप विछ्याइएको छ । यस्तै, नेवाको २९ लाख ३४ हजार ५७३ बडिगाड गाउँपालिकाको पाँच लाख ८३ हजार ७२ ९, स्थानीयवासीको एक लाख ५६ हजार ६०० र जनश्रमदान १३ लाख ६ हजार २६० गरी कूल ३८ लाख ११ हजार १६२ लागतमा लफरे सिरसिरे खानेपानी आयोजना समेत सम्पन्न भएको छ । लफरे सिरसिरे खानेपानी अयोजनाको मुहान वडा नं १ को सिरसिरेमा रहेको छ,भने चारवटा ट्याङ्की निर्माण गरी ५९ धारामा खानेपानी पुऱ्याइएको छ।

त्यस्तै, १५ लाख ९९ हजार २२२ नेवा, बडिगाडको पाँच लाख, समुदायको दुई लाख ३६ हजार र जनश्रमदान चार लाख ९१ हजार ७०५ गरी कूल २८ लाख २६ हजार ९२७ को लागतमा राक्से बडहरे खानेपानी आयोजना सम्पन्न भएको छ। बडहरेमा मुहान रहेको उक्त खानेपानी आयोजनाको लागि चारवटा ट्याङ्की निर्माण गरिएको छ। जसबाट ६० धारामा खानेपानी पुगेको छ। राक्से बडहरे खानेपानी आयोजनाको लागि सात हजार ५६० मिटर लामो पाइपलाईन निर्माण गरिएको छ।

साविक दगातुम्डाँडा गाविस- ६ र ७ का चार सय घरधुरी लाभान्वित हुने गरी प्रदेश सरकारमार्फत खर्वाङ दनियाँ लिफ्टिङ खानेपानी आयोजनाको काम भइरहेको समितिका अध्यक्ष डिप्लोमा खरेलले बताउनुभयो।

सबै काम सकिएको र सिओडी मेसिन जडानपछि पानी वितरण गरिने छ। तर, उक्त लिफ्टिङ अयोजनाले साविकको वडा नं ६ हौंडिखोलालाई समेटेको छैन । जसको लागि नेवाले हौंडिखोलामा खोपानी अयोजना निर्माण गर्न पहिलो चरणको सबैको काम सकिसकेको छ । बडिगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले बडिगाड- २ मा खानेपानी आयोजना सम्पन्न भए पनि यसले पालिकाको 'एक घर एक धारा' कार्यक्रमलाई सफल बनाउने काम गरेको बताउनुभयो।



वालिङको पञ्चासेमा पानी सङ्कलन गर्न निर्माण गरिएको तलाउ । गाई, भैंसी र वन्यजन्तुलाई पानीको सहजताका लागि तलाउ निर्माण गरिएको हो । तस्बिर : तोलाकान्त बगाले/रासस

# म्याग्दीमा धानबालीमा गभारोको प्रकोप

पोखरापत्र संवाददाता
म्याग्दी, २६ साउन

म्याग्दीमा धान बालीमा गभारो रोगको प्रकोप देखिएको छ। धान बालीमा रोग देखिएपछि किसान चिन्तित बनेका छन्।

रासायनिक मलको अभाव भएपछि बिना मल नै रोपाइँ गरेका किसान धानले राम्रोसँग गाभा हाल्न नपाउँदै गभारो लाग्न थालेपछि उत्पादन घट्ने चिन्ताले पिरोलिएका हुन् । जिल्लाको रघुगङ्गा, मङ्गला, मालिका र बेनी नगरपालिका लेकाली क्षेत्रमा लगाएको बर्खे धान बालीमा गभारो देखिन थालेको छ । रघुगङ्गा गाउँपालिकाका किसानले लगाएको धान बालीमा गभारोको प्रकोप देखिन थालेको गाउँपालिकाले जनाएको छ।

सिँचाइ पर्याप्त हुने ठाउँमा कम र सुक्खा स्थानमा गभारोको प्रकोप बढी रहेको गाउँपालिका कृषि शाखाले जनाएको हो । रोपाइँ गर्ने समयमा पानी नपरेपछि मुस्किलले धान रोपाइँ भएका ठाउँमा गभारोको प्रकोप देखिएको कृषि प्राविधिक सविना पौडेलले जानकारी दिनुभयो।

त्यसैगरी पश्चिमी म्याग्दीको मङ्गला गाउँपालिकामा पनि गभारोले सखाप पार्न थालेपछि स्थानीय धानको बिरुवा नै उखेलेर गाउँपालिकामा ल्याएर फालिदिएका मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । बानियाँका अनुसार मङ्गलाको सिमलचौर, रणवाङ, बाबियाचौर, छिस्वाङ, सेराफाँट, पोकलगायत धान धेरै उत्पादन फाँटमा गभारोले धानबाली सखाप पारेको छ। गाँउपालिकाका जनप्रतिनिधि र कृषि प्राविधिकले स्थलगत अनुगमन गरी विषादी वितरण गरिएको र गभारो नियन्त्रणका लागि स्थानीय कृषकलाई आवश्यक जानकारी दिइएको बानियाँले बताउनुभयो।

तातो मौसम गभारो प्रजातिका किराका लागि अनुकूल हुने विज्ञको भनाइ छ। गभारोका कारण धान उत्पादनमा ह्रास आउँछ। यो समय गभारो मात्र नभई धानमा अन्य समस्यासमेत देखिने भएकाले किसान सचेत रहनुपर्ने प्राविधिकले बताएका छन् । गभारोको प्रकोप देखिएको धानको बोट पहिला रातो हुने, जरा कुहिने र बोटै सुकेर मर्ने गरेको ज्यामरुककोटका किसान नारायण सापकोटाले बताउनुभयो। कृषि प्राविधिकका अनुसार गभारो नियन्त्रणका लागि धानका बेर्नाको पातको टुप्पोमा देखिएका फूललाई नष्ट गर्नुपर्दछ। त्यसैगरी धान काटिसकेपछि ठुटा जलाइदिने गरेमा पनि अर्को वर्ष गभारो लाग्न कम हुन्छ।

# अनुदानको आशमा पहिरो पीडित ऋणमा

पोखरापत्र संवाददाता
म्याग्दी, २६ साउन

सरकारी अनुदानको आशले उधारोमा सामान किनेर घर पुनःनिर्माण गरेका पहिरो पीडित ऋणमा डुबेका छन् । सरकारले सम्झौताअनुसार अनुदान रकम उपलब्ध गराउन र प्राविधिकले बनेका घरको नापजाँच गर्न ढिलाइ गर्दा म्याग्दीका पहिरो पीडित समस्यामा परेका हुन्।

दोस्रो र तेस्रो किस्ता अनुदान नपाउँदा ऋण तिर्न नसकेर तनाव भएको बेनी नगरपालिका-६ माफ्खेतकी मीनाकुमारी शर्माले बताउनुभयो । "पहिराले घर भत्काएपछि सात-आठ महिना अर्केको घरमा बसे, सरकारले अनुदान दिने सम्झौता गरेपछि उसको मापदण्डअनुसारको घर बनाएको सात महिना भयो", उहाँले भन्नुभयो, "पहिलो किस्ता रु पचास हजार आएको थियो, ऋण खोजेर घर बनाए, प्रकृतिले मात्र नभएर अनुदान उपलब्ध गराउन ढिलाइ हुँदा सरकारले पनि पीडित बनायो।" "सम्झौता र सरकारको मापदण्डअनुसार घर बनाउँदा धेरै खर्च भयो", बेनपा-६ डम्मराकी खिमकुमारी थापाले भन्नुभयो, "तुरुन्तै दोस्रो, तेस्रो किस्ता आउँला भनेर हतार हतारमा घर बनायौँ । ऋण काडेर घर बनाइयो । सामानको साहु दिनदिनै घर आउँछन्। गाह्रो भएको छ।" पीडितका अनुसार सरकारले तोकेको मापदण्डअनुसार घर बनाउँदा रु छ लाखदेखि रु दश लाख खर्च भएको छ।

हिमाली जिल्लामा मनसुनजन्य विपद्बाट प्रभावित निजी आवास पुनःनिर्माण गर्न प्रतिपरिवार रु पाँच लाख अनुदान दिने कार्यविधि छ। कतिपय पहिरो पीडितले घरमा रङरोगन, फर्निचर व्यवस्थापन गरेर प्रयोगमा ल्याउन सकेका छैनन् । विसं २०७७ को मनसुनजन्य विपद्बाट घर पूर्णरूपमा क्षति भएका म्याग्दीका दुई सय ४७ मध्ये दुई सय सात परिवारले पहिलो किस्ताबापत स्थानीय तहले उपलब्ध गराउने रु ५० हजारका दरले अनुदान पाइसकेका छन् । बेनी नगरपालिका-६ का वडाध्यक्ष कृष्णसिंह बानियाले एक वर्षअघिनै बनेका घरको अनुदानका लागि सिफारिस गरे पनि अहिलेसम्म भुक्तानी नपाउनु दुःखद् भएको बताउनुभयो।

"सबै कागजात र प्रक्रिया पूरा गरेर नगरपालिकामार्फत अनुदान भुक्तानीका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गरेका छौँ", उहाँले भन्नुभयो, "सरकारी संयन्त्रको ढिलाइले ऋण खोजेर घर बनाएका पीडितले पाउने अनुदान ऋण तिरेर सकिने स्थिति सिर्जना भएको छ ।" विपद्बाट प्रभावित निजी आवास पुनःनिर्माण नियमन गर्ने छुट्टै प्राविधिक छैनन् । स्थानीय तहकै प्राविधिक परिचालन गरिदै आएको छ। प्राविधिकले लाभग्राहीका घर निर्माणको नियमन गरी फोटो सफ्टवेयरमा अपलोड गरेपछि जिल्ला विपद् व्यवस्थापन समितिको खातामा रकम जम्मा हुन्छ। स्थानीय तहहरूले हालै मात्र प्राविधिकलाई पहिरो पीडितका पुनःनिर्माण भएका घरको नापजाँच गर्न परिचालन गरेको जनाएका छन्।

सङ्घीय सरकारले उपलब्ध गराउने ६० प्रतिशत अनुदान आइसकेको, प्रदेशले दिने ३० प्रतिशत माग गरिएको र स्थानीय तहका प्राविधिकलाई तालिम दिएर नापजाँचमा खटाएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका प्रजिअ चिरञ्जीवी रानाले बताउनुभयो । "स्थानीय तहमा दक्ष प्राविधिक जनशक्तिको कमी भएकाले ढिलाइ भए पनि पछिल्लो पटक छवटै पालिकाका प्राविधिकलाई तालिम दिएर स्थलगतरुपमा नापजाँचमा परिचालन गरेका छौँ", उहाँले भन्नुभयो, "सम्झौता गरेर घर बनाउन सुरु गरेका र बनाइसकेका एक सय ९२ को लागि सङ्घबाट आउनुपर्ने अनुदान आएको छ । प्रदेश सरकारबाट पनि माग गरिसकेका छौँ । स्थानीय तहबाट प्राविधिकले घर निर्माण भएको विवरण सफ्टवेयरमा प्रविष्ट गराएपछि तुरुन्तै रुजु गरेर अनुदान वितरण गर्छौं।"

# 'रक्षाबन्धन, जनैपूर्णिमा साउन २७ गते शास्त्रसम्मत'

रासस
काठमाडौं, २६ साउन

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको ऋषितर्पणी, रक्षाबन्धन र गाईजात्रा पर्वका बारेमा विभिन्न टीका-टिप्पणी भएकामा आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

समितिले विज्ञप्ति प्रकाशित गरी साउन २७ गते शुक्रबार नै ऋषितर्पणी, रक्षाबन्धन र गाईजात्रा पर्व मनाउनुपर्ने जनाएको छ। यो पर्व साउन २६ गते बिहीबार मनाउनुपर्ने भनी केही सञ्चारमाध्यम, सामाजिक सञ्जाल लगायतबाट भइरहेको प्रचार-प्रसार शास्त्रसम्मत नरहेको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ। यस वर्षको जस्तो तिथिको अवस्था विसं २०७०, २०६१, २०५५, २०३१, २०३०, २०२४ र १९९४ मा भएको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारी, सदस्य एवं धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराई र कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । ती वर्षमा पनि रक्षाबन्धनकै दिन गाईजात्रा पर्व मनाइएको थियो। "धर्मशास्त्रमा विभिन्न मत भए पनि हाम्रो शाखा सूत्रअनुसार उदयव्यापिनी पूर्णिमा तिथिकै दिन उपाकर्म, रक्षाबन्धन आदि गर्ने हाम्रो परम्परा रहेको छ", विज्ञप्तिमा उल्लेख गरिएको छ। साउन २६ गते सूर्योदयको दुई घडीपछि पूर्णिमा तिथि लाग्छ। साउन २७ गते चार घडीभन्दा कम पूर्णिमा तिथि छ।

पूर्णिमा तिथि टुटेको समितिले जनाएको छ। यस्तो अवस्थामा साउन २७ गते नै रक्षाबन्धन पर्व मनाउनुपर्ने शास्त्रीय वचनअनुसार समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख गरिएकाले भ्रममा नपरी त्यसै अनुरुप पर्व मनाउन समितिले आह्वान गरेको छ।


# ऋणी सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७९/०४/२७)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०७९/०३/२४ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम लिलामी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|
| ● बलभद्र उपाध्यायको नाती नन्दलाल उपाध्यायको छोरा पर्वत जिल्ला पाङ गा.बि.स. वडा नं. ०६ घर भै हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**ऋणी : राम प्रसाद उपाध्याय**<br>● नन्दलाल उपाध्यायको बुहारी राम प्रसाद उपाध्यायको श्रीमती पाङ गा.बि.स. वडा नं. ०६ घर भै हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**धनजमानत : साबित्रा कुमारी शर्मा** | **राम प्रसाद उपाध्यायको** नाममा मालपोत कार्यालय पोखरा कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्याजाती गा.वि.स. वडा नं. ७ सिट नं. ०९३०८३९ को कित्ता नं. २१०८ को क्षेत्रफल ०-५-०-३ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्वारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालय : पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं. : ०६१-५३८८३३